# आठबीस नगरपालिका
# स्थानीय राजपत्र

खण्ड : ३ संख्या : १० मिति : २०७६/१०/२५

**भाग-१**

**आठबीस नगरपालिका**

## नगरप्रमुख आर्थिक सहायता कोष सञ्चालन कार्यविधि

लोक कल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न, निरपेक्ष गरिबीको रेखामुनी रहेका, दीर्घरोगी, हिंसापीडित तथा बेचविखनमा परेका महिला, बालबालिका, विपन्न, अतिअशक्त, अपाङ्ग र पूर्ण अशक्त अपाङ्ग, बेवास्तामा परेका ज्येष्ठ नागरिकको हित र कल्याणको लागि आर्थिक सहायता तथा स्वास्थ्य उपचारको लागि सहयोग दिन कल्याणकारी कार्य सम्बन्धी कानून तयार गरी आर्थिक सहायतालाई प्रभावकारी बनाउन बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिमको अधिकार प्रयोग गरी आठबीस नगरकार्यपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद–१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "नगरप्रमुख आर्थिक सहायता कोष सञ्चालन कार्यविधि, २०७६ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।



**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

(क) "नगरपालिका" भन्नाले आठबीस नगरपालिकालाई सम्झनु पर्छ।

(ख) "नगर कार्यपालिका" भन्नाले आठबीस नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले आर्थिक रुपले विपन्न भएका, मुटु, मृगौला, मस्तिष्क, फोक्सो, कलेजोजस्ता शरीरका महत्वपूर्ण अङ्गहरुका रोगी एवम् क्यान्सर पीडित व्यक्तिहरु, पक्षघात, यौन हिंसाबाट पीडित एवम् बेचविखनमा परेका महिलाहरु, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेला परेको, दुर्घटनामा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वेसहारा बालबालिका, यौन शोषण, यौन दुर्व्यवहार, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपाङ्गता भएको, सुस्त मनस्थिति भएको बालबालिका, एचआईभी एड्सबाट संक्रमित बालबालिका, वेसहारा वृद्धवृद्धा तथा विशेष कारणबश बेखर्ची भएका नागरिक, घरगोठ जलेर क्षति भएका एवम् बाढी पहिरोबाट पीडित नगरवासी, साथै उल्लेखित व्यहोरा भएका आठबीस नगरपालिका नगर कार्यपालिकाको कार्यालयका कर्मचारी तथा जनप्रतिनिधिहरुसमेत बुझ्नु पर्दछ।

(घ) "प्रमुख" भन्नाले आठबीस नगरपालिका नगरकार्यपालिकाको कार्यालयको प्रमुख सम्झनु पर्दछ।

(ङ) "उप-प्रमुख" भन्नाले आठबीस नगरपालिका नगरकार्यपालिकाको कार्यालयको उप-प्रमुख सम्झनु पर्दछ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले आठबीस नगरपालिका नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

### परिच्छेद–२
### आर्थिक सहायता सम्बन्धी मापदण्ड

**३. दीर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायता :**

(१) आर्थिक सहायता पाउन योग्य दीर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क, पक्षघात) तथा क्यान्सर पीडित व्यक्तिले आर्थिक

सहायता प्राप्त गर्नको लागि आवश्यक कागजातसहित नगरपालिकामा निवेदन दिन सक्ने छन ।

स्पष्टिकरण "आवश्यक कागजात भन्नाले आर्थिक रुपले विपन्न भनी सम्बन्धित वडा कार्यालयबाट प्रमाणित कागजात, अस्पतालको रिपोर्ट, नगरपालिकाको स्वास्थ्य संयोजकको सिफारिसलगायतका कागजात बुझ्नु पर्दछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनमाथि समितिले आवश्यक छलफल गरी आर्थिक सहायता दिने निर्णय गरेमा विरामीको अवस्था हेरी बढीमा रकम रू. १०,०००।- (दशहजार) सम्म आर्थिक सहायता दिन सकिनेछ ।

**४. हिंसापीडित तथा मानव बेचविखनमा परेकालाई सहायता :**

(१) यौन हिंसाबाट पीडित एवम् बेचबिखनमा परेका महिलाहरुको तत्काल उद्दार गर्न समितिको निर्णयानुसार बढीमा रकम रू. १०,०००।- (दश हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) पीडितलाई न्याय दिलाउन एवम् पुनस्थापनाको लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ ।

**५. आर्थिक रुपले विपन्न र पीडित बालबालिकालाई सहायता :**

(१) बेवारिसे अवस्थामा फेला परेको, जवरजस्ती श्रमबाट पीडित भएको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपाङ्गता भएको, सुस्तमनस्थिति भएको, सडक बालबालिका, एचआईभी एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्दार गरी पालन-पोषणको लागि समितिको निर्णय अनुसार रकम रू. १०,०००।- (दश हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) मा उल्लेखित बालबालिकाको शिक्षा दिक्षाको लागि सामुदायिक वा संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्तिमार्फत पठन पाठनको व्यवस्था गर्न सकिनेछ ।

**६. बेवास्तामा परेका ज्येष्ठ नागरिकलाई सहायता :**





७० वर्ष उमेर पुगेका परिवारका सदस्यले बेवास्ता गरी भिन्न बसेका विपन्न, रोगी एवम् अशक्त ज्येष्ठ नागरिकले आर्थिक सहायताको लागि नगर पालिकामा निवेदन पेश गरेमा र निवेदन मनासिव भएमा रकम रू. ५,०००।- (पाँच हजार) सम्म आर्थिक सहायता दिई पुर्नस्थापनाको लागि आवश्यक पहल गर्न सकिनेछ। तर नगरपालिकाबाट नियमित सामाजिक सुरक्षा रकम बुझ्ने नागरिकको हकमा यो सुविधा पाइने छैन ।

**७. विपन्न परिवारलाई मृत्यु संस्कार सहायता :**

(१) आर्थिक रुपमा विपन्न परिवारमा दुर्घटना अथवा आत्महत्याको कारणले मृत्यु भइ सो को पोष्टमार्टम गर्न नसक्ने परिवारलाई पोष्टमार्टम गर्न, बेवारिसे लास फेला परेमा निजको सदगत गर्न वा व्यवस्थापन गर्न वा अति विपन्नले सदगत काजक्रिया गर्न प्रमाण खुल्ने कागजात सहित निवेदन पेश हुन आएमा कार्यपालिकाले मनासिव ठहराएमा एकमुष्ट रुपमा रु. १०,०००।- (दश हजार) सम्म आर्थिक सहायता दिन सकिने छ ।

(२) उपदफा (१) बमोजिम सहायता दिन सिफारिस गर्दा सम्बन्धित वडा कार्यालयले निजको पारिवारको नियमित आम्दानीको श्रोत नभएको, कुनै व्यापार व्यवसाय नभएको व्यक्तिलाई सिफारिस गर्नुपर्ने छ । उल्लेखित व्यहोरा आईपरेका नगरपालिकाका कर्मचारी तथा जनप्रतिनिधिहरुलाई समेत नगरपालिकाको निर्णयबाट आर्थिक सहायताको लागि यथोचित रकम सहायता दिन सकिने छ ।

**८. संस्थागत सहायता कार्यक्रम :**

(१) उल्लेखित प्रकृति र अन्य सामाजिक क्षेत्रको कार्यमा सहयोग पुर्याउन विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने संघ संस्थाहरुलाई कार्यक्रम सहयोग स्वरुप निवेदन पेश हुन आएमा र समितिले मनासिव ठहराएमा एकमुष्ट रुपमा रु. १०,०००।- (दश हजार) सम्म आर्थिक सहायता दिई सहयोग गर्न सकिने छ ।

**९. विपद् कार्यमा सहायता :**

(१) वाढी, पहिरो, आगलागी, भूकम्प, महामारी लगायतका विपद्‌बाट प्रभावित आर्थिक रुपमा विपन्न व्यक्तिहरुको दैनिक निर्वाह एवम् आवास

व्यवस्थापनको लागि नगरपालिकामा निवेदन पेश गरेमा र निवेदन मनासिव देखिएमा नगरपालिकाबाट प्राप्त हुने अन्य राहत सहायताका अतिरिक्त समितिले रू. १०,०००।- (दश हजार) सम्म वसोवास पुनस्थापन वा राहत स्वरुप सहयोग गर्न सकिनेछ ।

## परिच्छेद-३
## कोषको व्यवस्था तथा सञ्चालन

**१०. आर्थिक सहायता तथा उपचार सहयोगको लागि आर्थिक सहायता कोषको व्यवस्था :**

(१) यस कार्यविधि अनुसार आर्थिक सहयोग दिन, उद्धार तथा पुर्नस्थापना गने ा प्रयोजनको लागि एक आर्थिक सहायता कोषको स्थापना गरिनेछ । कोषमा देहायको रकम जम्मा गरिनेछः

(क) संघीय सरकार, प्रदेश सरकार, नगर सभाबाट विनियोजन भएको अनुदान रकम,

(ख) सरकारी तथा गैरसरकारी संघ संस्था, व्यक्ति तथा निजी क्षेत्रबाट आर्थिक सहायताको लागि प्राप्त सहयोग वा अनुदान,

(ग) यस्तै प्रकृतिको आर्थिक सहायताका लागि प्राप्त जुनसुकै रकम,

**११. कोष सञ्चालन समिति, कोष संचालन तथा लेखापरीक्षणको व्यवस्था :**

(१) नियम १० अनुसारको नगरपालिकाक आर्थिक सहायता कोषबाट रकम सहायताको निर्णय गर्न र सहायतामा दिएको रकमको अनुगमन गर्न देहाय बमोजिमको समिति रहने छ ।

| | |
|---|---|
| प्रमुख | -अध्यक्ष |
| उप-प्रमुख | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| नगर प्रमुखले तोकेको नगर कार्यपालिका सदस्य | -सदस्य |
| नगपालिकाको स्वास्थ्य शाखा प्रमुख | -सदस्य सचिव |

(२) कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(३) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(४) कोषको लेखा परीक्षण नगरपालिकाको खर्चको लेखा परीक्षण गर्न तोकिएको निकायबाट हुनेछ ।





**१२. परामर्श तथा सहयोग लिन सक्ने :**

(१) समितिले यस कार्यविधि बमोजिम आफ्नो कार्य सम्पादन गर्दा सम्वन्धित क्षेत्रका उपयुक्त सम्झेका व्यक्ति तथा निकायहरुसँग आवश्यक परामर्श तथा सहयोग लिन सक्नेछ ।

**१३. पारदर्शिता र जवाफदेहिता :**

कोषबाट प्रदान गरिएको आर्थिक सहायता रकमको खर्चको विवरण चौमासिक रुपमा सार्वजनिक गरिने छ । साथै कार्यालयको वेबसाइटबाटमा समेत उल्लेखित व्यहोरा जानकारी गराइने छ । सम्वन्धित सरोकारवालाहरुबाट कुनै जिज्ञासा तथा जानकारी माग भएमा समिति तथा नगरपालिकाबाट आवश्यक विवरण उपलब्ध गराइने छ ।

## परिच्छेद-४
## आर्थिक सहायता सम्बन्धी विशेष व्यवस्था

**१४.** क. नगरको सामाजिक, आर्थिक, राजनैतिक, साहित्यिक, साँस्कृतिक, कला, विज्ञान, स्वास्थ्य, शैक्षिक, पूर्वाधार विकास जस्ता विषयमा उल्लेख्य योगदान दिने व्यक्तिलाई निजको पारिवारिक, स्वास्थ्य अवस्था नाजुक भएको भन्ने देखिएमा यसै कार्यविधिमा व्यवस्था भए बमोजिमको कोषको अवस्था हेरी एक पटकका लागि मात्र बढीमा ५०,०००।- (पचास हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउने सकिनेछ ।

ख. नगरपालिकाको कार्यालयको काममा वा कार्यालयको काममा आउँदा वा फर्किदा नगरपालिकामा कार्यरत कुनै कर्मचारी वा नगरपालिकाको कुनै जनप्रतिनिधि आकस्मिक रुपमा दुर्घटना भई बिरामी भएमा, घाइते भएमा वा कर्मचारीको मृत्यु भएमा निज वा निजको हकवालालाई बढीमा रु. २५,०००।- (पच्चिस हजार) रुपैयाँसम्म आर्थिक सहायता उपलब्ध गराउन सकिने छ । कार्यविधिको यस दफा १४ क र ख बमोजिम उपलब्ध गराइने आर्थिक सहायता कार्यपालिकाबाट निर्णय गरी उपलब्ध गराइने छ ।

**१५. निवेदनको ढाँचा :**

नियम ३ देखि ९ सम्म उल्लिखित क्षेत्रमा सहायता पाउन अनुसूची-१ को ढाँचामा निवेदन दिनु पर्नेछ ।

१६. यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि रु. ५०००।- (पाँच हजार) सम्मको आर्थिक सहायता प्रमुखबाट सिधै प्रदान गर्न सकिनेछ ।

**१७. अधिकार प्रत्यायोजन गर्न सकिने :**

यस कार्यविधि अनुसार आर्थिक सहायता सम्बन्धी निर्णयको आफ्नो अधिकार समिति र नगर कार्यपालिकाले नगर प्रमुखलाई दिन सक्नेछ । तर दफा १४ बमोजिमको अधिकार प्रत्यायोजन हुने छैन ।

१८. यस कार्यविधि बमोजिम स्थापित कोषबाट प्रदान गरिने आर्थिक सहायता एकै व्यक्तिलाई पटक पटक दोर्हयाइ दिइने छैन ।

## परिच्छेद-५
## विविध

**१९. संशोधन तथा परिमार्जन :**

यस कार्यविधिलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार नगर कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिने छ ।

**२०. खारेजी तथा बचाऊ :**

यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै अनुसार र अन्य प्रचलित कानूनसँग बाझिएको हकमा वाझिएको हदसम्म अमान्य हुनेछ ।





## अनुसूची-१
## निवेदनको ढाँचा

(दफा ८ सँग सम्बन्धित)

मितिः.........................

श्रीमान प्रमुखज्यू,
आठबीस नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, राकमकर्णाली, दैलेख ।

**विषय : आर्थिक सहायता उपलब्ध गराइदिनु हुन ।**

महोदय,

प्रस्तुत विषयमा म/हामी ............................................... रोगले ग्रसित भई समस्यामा परी ............................ गर्नुपर्ने व्यहोरा अवगत गराउँदछु/छौं । उपचार ............................................ को लागि म र मेरा परिवारको आर्थिक अवस्था नाजुक भएकोले सो को लागि त्यस कार्यालयबाट आर्थिक सहायता उपलब्ध गराइदिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न गरी पेश गर्दछु ।

तपसिलः

१. आर्थिक रुपले विपन्न भएको सिफारिस तथा प्रमाणित प्रतिलिपि
२. नागरिकता/जन्म दर्ता/विवाह दर्ता........................को प्रतिलिपि
३. अस्पताल/सम्बन्धित निकायको रिपोर्ट
४. वडा अध्यक्ष, स्वास्थ्य संयोजक र सम्बन्धित निकायको जिम्मेवार पदाधिकारीको सिफारिस

निवेदक
नाम थरः
ठेगानाः
दस्तखतः

आज्ञाले
**युवराज न्यौपाने**
प्रमुख प्रशासकीय अधिकृत